परिच्छेद **१**

# परिचय

## पृष्ठभूमि :

सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाको दक्षिणी भूभागमा अवस्थित यस कैलारी गाउँपालिकाको दक्षिणी क्षेत्र सम्पूर्ण रूपमा मित्रराष्ट्र भारतसँग सिमाना जोडिएको छ । क्षेत्रफलका हिसाबले मध्यम आकारको रहेको यस गाउँपालिकाको अधिकांश भूभाग खेती योग्य जमिनको रूपमा उपभोग हुँदै आएको छ । धान र गहुँ यस क्षेत्रका मुख्य खाद्यान्न बाली हुन् । उर्वर भूमि भएका कारण खाद्यान्न उत्पादनमा यो क्षेत्र आत्मनिर्भर छ ।

थारूहरूको बाहुल्यता रहेको यस क्षेत्रमा केही ब्राह्मण, क्षेत्री तथा अन्य जातिको पनि वसोवास रहेको पाइन्छ । यद्यपि अत्यधिक गरिबी नरहे पनि यहाँका जनताको मुख्य पेशा कृषि नै रहेको देखिन्छ ।

शिक्षा मानव विकास र समाज विकासको आधारशिला हो, र यो मानव अधिकारको पनि विषय हो। हाल विद्यालय शिक्षा सबैको प्राथमिकतामा पर्दै आएको छ र यो चासो तथा चिन्ताको विषय पनि बनेको छ। नेपाल सरकारले इन्चोन घोषणापत्र (Incheon Declaration) मा हस्ताक्षर गरी सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता जनाएको छ। त्यसैअनुसार विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण भई कार्यान्वयनमा आएको थियो, जुन योजना २०७८ असार मसान्तमा समाप्त भई सकेको छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गर्दै अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षाको सुनिश्चितताका लागि "निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५" जारी गरी कार्यान्वयनमा ल्याएको छ। यसरी संविधानले सुनिश्चित गरेको शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनको जिम्मेवारी मुख्यतः स्थानीय सरकारको भएको पाइन्छ। साथै, स्थानीय सरकारले दिगो विकासका लक्ष्य (SDGs), सन् २०३० सम्मको शिक्षा, SSDP लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई आत्मसात् गर्दै तिनको कार्यान्वयनमा पनि ध्यान दिनु आवश्यक छ ।

यद्यपि, सीमित स्रोत–साधन र असीमित आवश्यकता हुँदा स्थानीय सरकारले प्रभावकारी रूपमा कार्य गर्न चुनौती भोगिरहेको छ । त्यसैले, दिगो विकास लक्ष्य ४ मा उल्लेखित शिक्षा सम्बन्धी उद्देश्यहरूलाई नेपालको सन्दर्भमा पूर्ण रूपमा कार्यान्वयन गर्न विशेष गरी स्थानीय तथा प्रादेशिक सरकारसँग निरन्तर बहस र पैरवी गर्दै विद्यालय शिक्षालाई प्राथमिकतामा राख्नु अत्यावश्यक देखिन्छ ।

वर्तमान शिक्षा प्रणालीका शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणाली, दलीयकरण, राजनीतिक भागबण्डा तथा शिक्षित व्यक्तिको कार्यक्षमताका सम्बन्धमा विगतमा थुप्रै आलोचना गरिएको छ। योग्यताको आधारमा जिम्मेवारी र अवसर सुनिश्चित गर्न नसक्नु नै न्यायपूर्ण समाज निर्माणमा बाधक बनिरहेको छ।

यसै बीच संविधानले प्रारम्भिक बालविकास, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ भने प्रादेशिक तथा संघीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी तोकिएको छ। प्राविधिक तथा व्यवसायिक शिक्षा तीनवटै तहको साझा जिम्मेवारीमा राखिएको छ।

यस अवस्थाबाट स्पष्ट हुन्छ कि नेपालको शिक्षालाई व्यवहारिक, प्रतिस्पर्धी, वैज्ञानिक, रोजगारमुखी, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचनात्मक सोचसहितको अनुसन्धानमूलक बनाउँदै— नेपाली कला, संस्कृति, ज्ञान, सीप, प्रविधि, धर्म र जनज्ञानसँग जोड्दै—पश्चिमी प्रविधि तथा ज्ञानको पनि भरपूर प्रयोग गरेर व्यक्तित्व विकासमार्फत समुदाय र राष्ट्र निर्माणमा योगदान दिने विद्यार्थी उत्पादन गर्ने दायित्व स्थानीय तहकै काँधमा आएको छ। स्वदेश तथा विदेशमा रहेका सबै नागरिकले आजीवन शिक्षा पाउने अधिकार कसरी सुनिश्चित गर्ने भन्ने कुराको पनि उत्तिकै महत्व रहेको छ।

त्यसैले राज्यको पुनःसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुरूप "आफ्नो शिक्षा विकास आफैँ गरौं" भन्ने दृष्टिकोणसहित स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यालयको समग्र सुधार गर्ने लक्ष्य लिइएको हो। यसका लागि विद्यालय सुधार योजना (School Improvement Plan—SIP) ले उल्लेखनीय भूमिका खेलेको छ। "To build better schools through better teaching and learning" भन्ने मूल आदर्शमा आधारित रहेर विद्यालयहरूद्वारा निर्माण भई कार्यान्वयनमा आएका SIP योजनाहरू नै यो १० वर्षे शिक्षा योजनाको आधारभूत दस्तावेज हुन्।

त्यसैले, यस गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूका विद्यालय सुधार योजनालाई विश्लेषण गरी तिनैमा आधारित भएर यो १० वर्षे शिक्षा क्षेत्र विकास योजना तयार गरिएको हो। विगतमा नेपाल सरकारले लागू गरेका राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम जस्ता कार्यक्रमहरू, जसको पहिलो चरणको कार्यान्वयन सफल देखिएको थियो, ती कार्यक्रमका सकारात्मक नतिजालाई स्थायित्व दिनु पनि यो योजना निर्माणको एउटा मुख्य उद्देश्य हो।

## ❖ विगतको शिक्षा योजनाको समिक्षा :

नेपालको संविधान अनुसार देशले संघीय शासन प्रणालीको अभ्यास गर्दै गर्दा शिक्षा क्षेत्रमा **विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP)** लागू भइरहेको अवस्था थियो। यसैबीच स्थानीय तहको निर्वाचन सम्पन्न भई नयाँ

संरचना अन्तर्गत स्थानीय तहमा जनप्रतिनिधिसहितको व्यवस्थापन प्रारम्भ भयो। अन्य क्षेत्रहरू जस्तै शिक्षा पनि नयाँ व्यवस्थापन प्रणालीमा जानुपर्ने एक महत्वपूर्ण क्षेत्र थियो ।

विगतको केन्द्रीकृत मानसिकता र नयाँ संरचनाको सुरुवाती चरणमा योजना निर्माणको क्षेत्रमा खासै अनुभव नभएको तथा कानुनी रूपमा कुन-कुन क्षेत्र समेटेर योजना निर्माण गर्नुपर्छ भन्ने विषयमा स्पष्ट दिशानिर्देश नहुँदा योजना निर्माणको पाटो अन्यौलमा रह्यो ।

कैलालीका विभिन्न स्थानीय तहहरूमा कार्यरत **STEM–II परियोजनाले** पहिलोपटक कैलारी गाउँपालिकाको शिक्षा योजना निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरेको थियो र सोही अनुसार २०७६ सालमा पहिलो शिक्षा योजना निर्माण गरिएको हो ।

उक्त योजना निर्माणको क्रममा सरोकारवालाहरूको अपेक्षित सहभागिता सुनिश्चित गर्न नसकिएको तथा संघीय सरकारको विद्यालय क्षेत्र विकास कार्यक्रमका अधिकांश क्रियाकलापहरू संघीयता पूर्वको संरचना अनुसार निर्मित भएकाले हाम्रो योजना कसरी अगाडि बढाउने भन्ने विषयमा स्पष्टता थिएन ।

हाल संघीय सरकारले १० वर्षे शिक्षा क्षेत्र विकास योजना निर्माण गर्दैछ र सोही प्रक्रिया अनुरूप स्थानीय तहहरूले पनि २०७८ सालको श्रावण महिनादेखि आ-आफ्नो १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने भनी स्पष्ट गरिएको छ ।

यसै सन्दर्भमा, योजना निर्माणमा आवश्यक क्षमता विकासका लागि कैलाली जिल्लामा **राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP II)** को प्राविधिक सहयोगमा तालिम तथा सशक्तिकरण कार्यक्रमहरू सञ्चालन भएका थिए । त्यसैको निरन्तरता स्वरूप, सरोकारवालाहरूको सहयोग र समन्वयमा यो १० वर्षे शिक्षा क्षेत्र विकास योजना निर्माण गरेर कार्यान्वयनमा लैजान सहज भएको हो ।

विगतको योजनामा समावेश गरिएका नीतिहरू तथा रणनीतिहरूलाई वार्षिक नीति तथा कार्यक्रममार्फत कार्यान्वयनको प्रक्रिया अगाडि बढिरहेको थियो र केही उल्लेखनीय उपलब्धिहरू हासिल गर्न थालिएको अवस्था थियो। गाउँपालिका **पूर्ण साक्षर घोषणा**को तयारीमा थियो । विद्यालयको **शिक्षक दरबन्दी मिलान** कार्य सम्पन्न भइसकेको थियो ।

यस्तै अवस्थामा विश्वव्यापी महामारी **कोरोना (COVID–19)** को असरले हाम्रो शिक्षा क्षेत्र समेत गम्भीर रूपमा प्रभावित भयो । तत्कालिन कार्यान्वयनमा रहेका थुप्रै क्रियाकलापहरूको रूपरेखा परिवर्तन गर्नु पर्‍यो । हामीले तय गरेको बाटो परिवर्तन भयो । शिक्षक तथा विद्यार्थीलाई महामारीबाट सुरक्षित राख्दै सिकाइलाई निरन्तरता दिनुपर्ने चुनौतीको सामना गर्दै हामी अगाडि बढ्यौं ।

विभिन्न शीर्षकमा विनियोजित रकम रकमान्तर गरेर कार्य सञ्चालन गर्नु पर्ने अवस्था आयो। संघीय तथा प्रादेशिक सरकारबाट अपेक्षित धेरै कार्यक्रमहरूको बजेट कटौती भयो। यस्ता विषम परिस्थितिका कारण २०७६ सालमा निर्माण गरिएको शिक्षा योजना पूर्ण रूपमा कार्यान्वयनमा जान सकेन।

यद्यपि, केही असल अभ्यासहरू तथा क्रियाकलापहरूलाई यस १० वर्षे योजनामार्फत समेटेर अगाडि बढ्ने तयारी गरिएको छ। महामारीबाट पूर्ण मुक्ति प्राप्त भएमा र सरोकारवालाहरूको सकारात्मक भुमिका रह्यो भने, यस योजनाबाट कैलारी गाउँपालिकाको समग्र शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ।

शिक्षक र विद्यार्थीबीचको अन्तरक्रिया समय वृद्धि गर्दै शैक्षिक उपलब्धि स्तर वृद्धि गर्ने अपेक्षासहित कार्यान्वयनमा गएको विगतको शिक्षा योजना, पहिलो वर्षमै वार्षिक परीक्षा सञ्चालन गर्न नसक्ने गरी महामारीका कारण **विचलित (derail)** हुन पुग्यो। पाँच वर्षे क्रियाकलाप तथा बजेटसहित निर्माण गरिएको उक्त योजनामा **भौतिक पूर्वाधार** (hardware) तर्फका धेरै क्रियाकलापहरू कार्यान्वयन भए तापनि **शिक्षण र शिक्षण सिकाइ प्रक्रिया** (software) तर्फका धेरै क्रियाकलापहरू कार्यान्वयन हुन बाँकी रह्यो।

त्यसैले, ती बाँकी रहेका योजनाबद्ध क्रियाकलापहरूलाई यस १० वर्षे शिक्षा योजनामा समावेश गरेर कार्यान्वयन गरिनेछ।

## ❖ गाँउपालिकाको सामान्य परिचय :

नेपालको सुदुरपश्चिम प्रदेश अर्न्तगत कैलाली जिल्लाको मध्य भागमा अवस्थित कैलारी गाउँपालिका साविकका छ वटा गा.वि.स.हरु (हसुलिया, पबेरा, रतनपुर, बसौटी, उदासिपुर र गदरिया) मिलाई बनाईएको हो। यस गाउँपालिकाको केन्द्र तथा कार्यपालिकाको कार्यालय साबिकको हसुलिया गा.वि.स.को कार्यालय रहेको स्थानमा रहेको छ। यस गाउँपालिकामा हाल ९ वटा वडाहरु रहेका छन। जसमा साबिकको हसुलिया गा.वि.स.का वडा नं.३, ७, ८ र ९ मिलाएर वडा नं. १, साबिकको बसौटी गा.वि.स.का वडा नं.१, २, ३, ४, ५, ६, ८ र ९ मिलाएर वडा नं.२, साबिकको हसुलिया गा.वि.स.का वडा नं.२, ४, ५ र ६ मिलाएर वडा नं.३, साबिकको हसुलिया गा.वि.स.का वडा नं.१ लाई वडा नं.४, साबिकको पबेरा गा.वि.स.का सम्पुर्ण वडा (वडा नं.१ देखी ९) मिलाएर वडा नं.५, साबिकको गदरिया गा.वि.स.का वडा नं.१, २ र ३ मिलाएर वडा नं.६, साबिकको रतनपुर गा.वि.स.का सम्पुर्ण वडा (वडा नं.१ देखी ९) मिलाएर वडा नं.७, साबिकको उदासीपुर गा.वि.स.का वडा नं. ३, ४, ६, ७, ८ र ९ का साथै साबिकको बसौटी गा.वि.स.को वडा नं.७ मिलाएर वडा नं.८, साबिकको गदरिया गा.वि.स.का सम्पुर्ण वडा नं.४, ५, ८ र ९ मिलाएर वडा नं.९ कायम गरिएको छ।

कैलारी गाउँपालिकाको ऐतिहासिक नामाकरणका सन्दर्भमा खासै भरपर्दो कुनै तथ्य तथा विश्वसनीय जनश्रुति फेला पार्न सकिएको छैन। तथापी गाउँपालिकाको वस्तुगत विश्लेषणका निमित्त विभिन्न समूह छलफल र अन्तरक्रियामा यस गा.वि.स.का बुढापाका, जानकार तथा थारु आदिवासी अगुवाहरु र राजनीतिक दलका

व्यक्तिहरुको भनाइलाई आधार मान्दा भू–धरातल समथर रहेको यस गाउँपालिकका विभिन्न टोलको नामाकरण राना थारु वाट रानामुडा तथा मझरा, सुर्मिनदि वाट सुर्मिनाला भितरिया रहेको पाइयो। कैलाली जिल्ला भित्र पर्ने पुराना वजारहरु मध्यको हसुलीया वजार धैरै पुरानो वजार रहेको छ। यसै गरी कैलारी गाँउपालिका वडा नं. २ मा पर्ने कैलारी गाउँ एउटा सिंगो कैलालीको प्रतिनिधित्व गरिनेछ  जनविश्वासको आधारमा यो गाउँपालिकाको नाम कैलारी गाउँपालिका रहन गएको भन्ने भनाई जनमानसमा रहेको पाइन्छ।

जिल्ला सदरमुकाम धनगढी देखी २७ किलोमिटर पूर्वमा अवस्थित रहेको कैलारी गाउँपालिकाको कार्यालय हसुलिया, कैलाली जिल्लाको निर्वाचन क्षेत्र नं ३ र ४ मा पर्दछ। कैलारी गाउँपालिका २८.७० उत्तरी अक्षांस तथा २८.७६ पूर्वी देशान्तरमा अवस्थित रहेको छ। समुद्र सतह देखी १३५ मिटर उचाईमा रहेको यस गाउँपालिकामा उष्ण उपोषण, समशीतोष्ण हावापानी भएको पाइन्छ। यस गाउँपालिकाको उत्तर दिशामा गौरीगंगा गाउँपालिका, दक्षिणमा भारतको उत्तरप्रदेश सगं सिमा जोडिएको छ। पश्चिममा धनगढी उपमहागाँउपालिका संग जोडिएको सिमाना पूर्वमा घोडाघोडी र भजनी गाउँपालिका छन्। नेपालका २२ तराईका जिल्लाहरु मध्येको एक कैलाली जिल्लामा यो गाउँपालिका पर्ने भएकाले यस कैलारी गाउँपालिकाको शतप्रतिशत जमिन समथर छ। यस गाउँपालिकाको विभिन्न ठाउमा स–साना खोल्सा, कुलो र नदी भएको कुरा सजिलै आकलन गर्न सकिन्छ। गाउँपालिकाको विभिन्न वडा भएर मोहना, लिक्मा कटैनी तथा घुराहा नदी बगेको हुनाले यहा बालुवा प्रशस्त मात्रामा पाइन्छ। यस गाउँपालिको कूल क्षेत्रफल मध्ये करिब ३०७४.१ हेक्टर भू–भाग बनक्षेत्रले ओगटेको पाइन्छ। जुन सामुदायिक वन तथा समुदायिक वन भित्र पर्दछ। GIS विधिद्धारा तयार गरिएका यस गाउँपालिकाका नक्शाहरुलाई अनुसूची १ मा राखिएको छ।

कैलारी गाउँपालिकाको आफ्नै खालको भौगलिक, धार्मिक, राजनैतिक, सामाजिक महत्व र विशेषता रहेको छ। यस गाउपलिकामा आदिवासी चौधरी थारू समुदाय र पहाडबाट विभिन्न समयमा बसाइसराइ गरी आएका विविध जातजाति, धर्म र वर्णका मानिसहरूको मिश्रित बसोवास रहेको छ। यस गाँउपालिकाको आदिवासी चौधरी थारु र राना भए पनि हाल आएर बसाइ सराइ र विश्वव्यापीकरणको प्रभावका कारण कैलारी गाउँपालिका स्तरीय जनगणना २०७८ अनुसार हाल यसको जनसङ्ख्या ४९,९१७ रहेको छ, जसमा पुरुष ४८.२४ प्रतिशत २४,०८० जना पुरुष र ५१.७६ प्रतिशत २५,८३७ जना महिला रहेका छन्। सोही जनगणना अनुसार लैङ्गिक अनुपात १:१.०७, परिवारको औसत आकार ४.९१ र जनघनत्व ३०५ जना प्रतिवर्ग किलोमिटर रहेको छ। यसै गरी यस गाउँपालिकामा हाल जम्मा १०,१७५ घरधुरी र ७,८०२ परिवार सङ्ख्या रहेको छ। यहाँ विशेषतः १७ ओटा जातीय समुदायहरू बसोवास गर्दै आईरहेका छन। तीमध्ये बहुसङ्ख्यक थारु जाती (८७%), क्षेत्री जाती (५%) र ब्राह्मण जाती (२%) र दलित तथा अन्य जातीहरु १% भन्दा कम रहेका छन।

गाउँपालिकाको शैक्षिक विकासका लागि हाल सामुदायिक अर्थात सरकारी जम्मा ३६ वटा विद्यालय (२७ वटा आधारभुत र ९ वटा माध्यमिक विद्यालय तथा संस्थागत तर्फ १४ वटा विद्यालय (१० वटा आधारभुत र ४ वटा माध्यमिक) यहाँ सञ्चालनमा रहेका छन। यस गाउँपालिकाको भु उपयोगको अवस्था हेर्दा कुल क्षेत्रफल मध्ये

खेतीयोग्य जमीन ४५.३७ वर्ग किलोमिटर (१९%), बनजंगलः ३८.८ वर्ग किलोमिटर (१७ % ), आवास क्षेत्रः ३४.१७ वर्ग किलोमिटर (१५%), नदीनालाले ओगटेको क्षेत्रः४२.७८ वर्ग किलो मिटर (१८%), ताल तलैयाः २९.९८ वर्ग किलोमिटर (१३%), औद्योगिक क्षेत्रः ४.५७ वर्ग किलो मिटर (२%), सडकः ३२.४ वर्ग किलोमिटर (१४%) र अन्यः ५.२ वर्ग किलोमिटर (२%) रहेको छ।

यस गाउँपालिकाको अधिकांश भूमि कृषि क्षेत्रमा उपयोग भएको छ भने त्यस पश्चात वनजङ्गल, बस्ती, नदी किनारा, बाटो आदि क्षेत्रले ओगटेकोछ। यहाँको कृषि क्षेत्रको उर्वर भूमिले आर्थिक विकासको सम्भावनालाई फराकिलो बनाएको छ। उष्ण हावापानी हुने भएकाले यस क्षेत्रमा अन्नबालीमा धान, गहुँ, मकै, आदित्य साथै दलहन बालीमा मुसुरो, अरहर, केराउ, चना, फलफुलमा आँप, केरा, लिची, अम्बा आदि फलफुलहरू उत्पादन हुनेगरेको पाइन्छ। यहाँ तेलहन बालीमा तोरी, अर्सरी, तिल, यसै गरी तरकारीमा आलु, प्याज, काउली, भिन्डी, लसुन, र नगदे बालीमा उखु, केरा उत्पादन हुने गरेको छ। यसैगरी पशुपालन तर्फ गाई, भैंसी, बाख्रा, सुँगुर, बंगुर, हाँस, कुखुरा आदिको उत्पादनले कृषि तथा पशुजन्य उद्योग र व्यापारको केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना देखिन्छ। कृषि यहाँका जनताको मुख्य पेशा हो। समथर उब्जाउ चिम्ट्याइलो, दोमटर बलौटे माटो भएकाले यस क्षेत्रमा कृषि उत्पादनको प्रचुर सम्भावना देखिन्छ। बहुसङ्ख्यक परिवारहरूको पारिवारिक आय, रोजगारी, उत्पादन आदि कृषिमा नै निर्भर रहेको हुँदा कृषि क्षेत्रनै यस गाउको आर्थिक विकास का मेरुदण्डको रुपमा रहेको छ।यस गाउँपालिकामा रहेको भौगोलिक जैबिक विविधताको कारणले विकासको सम्भावना लाई बढाएको छ।

कैलारी गाउँपालिकाको कूल क्षेत्रमध्ये ३८.८ प्रतिशतभन्दा बढी भू-भाग वनजङ्गलले ढाकेको छ।यहाँ विभिन्न प्रकारका बनस्पति, रूख, बिरूवा, ताल, तलैया प्रशस्त मात्रामा रहेकाछन्। यस गाउँपालिकामा ८० वटा सामुदायिक वनहरूका साथै बाह्वन, साझेदारी बन क्षेत्रमा जडीबुटीहरू जस्तैः मेन्था, केमोमाई, कुरिलो खेती गरी जडीबुटीमा आधारित उद्योगको विकास गर्दै वनजङ्गल र वनजन्य पैदावारमा आधारित व्यवसायहरूको स्थापना र प्रवर्धन गरी रोजगारीका अवसरहरू सृजना गर्न सकिने सम्भावना रहेको छ। यस गाउँपालिकाको चारैतिर वनजङ्गल रहेको छ, भने तराई क्षेत्रमा पाईने नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, रोडा, बनजन्य काठ, दाउरा, जडिबुटीहरू प्राकृतिक रुपमा उपलब्ध छन्। यस गाउँपालिकामा नदीजन्य, बनजन्य, कृषि जन्य उद्योग धन्दा सञ्चालनको प्रचूर सम्भावना रहेकोछ। २०६ किसिमका चराचुरुङ्गीको वासस्थान, चितुवा, पाटेबाग, हात्ती जस्ता जनावर, हडजोड, विजयसाल, रक्तचन्दन (सेतो र रातो) जस्ता जडीबुटी तथा लिक्मा कटैनी लगायतका नदीहरू आदि यस गाउँपालिकाको प्राकृतिक सम्पदाको रुपमा रहेका छन्। यस गाउँपालिका क्षेत्रभित्रका विभिन्न मठमन्दिरहरू, लिक्मा मेला, ताल तलैयाहरू, शिवालिक पर्वतीय क्षेत्रका साथै चुरे गाउँपालिकामा रहेको ऐतिहासिक र पुरातात्विक गर्भा दरबारजाने मुख्य मार्ग समेत यस गाउँपालिकामा पर्ने भएकाले यसलाई समेत पर्यटन विकासको मुख्य आधारको रुपमा लिन सकिन्छ। चौधरी, राना, थारु समुदायको साँस्कृतिक चालचलन, कला संस्कृतिको संरक्षण र प्रवर्धन तथा यस्ता बस्तीहरूलाई होमस्टे (home stay) का रुपमा विकास गरी आन्तरिक एवम् वाह्य पर्यटक आकर्षित गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।

यस गाउँपालिकाको आर्थिक सामाजिक अवस्था मध्यम खालको रहेको छ । यहाँ आदिवासी राना थारु समुदाय र पहाडबाट बसाइसराइ गरी आएका विविध जातजाति, धर्म र वर्णका मानिसहरूको मिश्रित बसोवास रहेकाले जातीय एवम् सांस्कृतिक विविधता रहेको पाईन्छ । जातिगत हिसाबले यस गाउँपालिकामा चौधरी, राना, थारू, मगर, ब्राह्मण, क्षेत्री, ठकुरी, दशनामी, दलित आदि रहेको पाईन्छ । यस गाउँपालिकामा जातिगत बाहुल्यता भने थारू जातिको रहेको छ । त्यसै गरी धार्मिक हिसावले हिन्दुधर्मको बाहुल्यता भएता पनि अन्य धर्मालम्बीहरू वौद्ध, क्रिष्चियनको पनि बसोवास रहेको छ । यसरी बहु-धार्मिक तथा बहु-सांस्कृतिक बसोवास रहेता पनि यहाँका जनताहरूमा जातीय एवं धार्मिक सहिष्णुता रहेको छ । यहाँका जातजातिहरूमा परम्परागत भेषभूषा र रहन सहन रहेको छ। तर हाल नयाँ पुस्तामा भने विस्तारै पश्चिमी संस्कृतिको प्रभाव बढ्दो क्रममा रहेको देखिन्छ । यस गाउँपालिकाका वासिन्दाहरूले मनाउने प्रमुख चाडपर्व र मेलाहरूमा पनि विविधता रहेको छ। यहाँ मुख्यतया विजया दशमी, दिपावली, छठ, माघी, होली, रामनवमी, माघे संक्रान्ति, विसु, साउने संक्रान्ति, तीज, जनै पूर्णिमा, श्री कृष्ण जन्माष्टमी, बुद्ध पूर्णिमा, चेली तिहार, ओलके तिहार, घुमारी आदि चाडपर्व धुमधामसँग मनाइन्छ । त्यसै गरी चौधरी थारू समुदायको झुम्रा, सखिया, मुङ्गरौवा, लठिया नाँचका साथै हरदेवा, माघी, ऐतवारी अष्टमी आदि प्रमुख चाडपर्वहरू र एकादशी यात्रा, विवाहपञ्चमी जात्रा तथा लिक्मा मेलाहरूले गाउँपालिका को सांस्कृतिक वैभवलाई उच्च राख्न मद्दत गरेका छन् । त्यस्तै धान लगाई सकेपछिको हरदेवा मनाउने, धान काटेपछि औलीखाने, धान भित्र्याई सकेपछि पिण्डिया खाने र ऐतवारी अष्टमीमा चौधरी थारू समुदायको वर्षभरीको कामको योजना बनाउने कामको बाँडफाँड गरिनेछ जस्ता चलनहरूले यस कैलारी गाउँपालिकाको विविधतालाई झल्काएको पाईन्छ ।

## १.१ वर्तमान अवस्था विष्लेषण :

### क) कैलारीको शिक्षा विकासक्रम र योगदान गर्ने व्यक्तित्वहरुको विवरण :

यस गाउँपालिकाका केही विद्यालयहरू बाहेक अधिकांश विद्यालयहरूमा अध्ययन अध्यापनको लागि प्रयाप्त कक्षाकोठा, भवन, खेल मैदान र यसको घेरावार, शौचालय, विद्युत आपूर्ति , पुस्तकालय तथा वाचनालय, कम्प्युटर तथा विज्ञान प्रयोगशाला, चमेनागृह, फर्निचर आदिमा प्रयाप्त लगानी गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरूलाई घरबाट विद्यालय सम्म जानको लागि सामान्यतया आधारभूत तहमा बढीमा १५ मिनेट सम्म र माध्यमिक तहको हकमा बढीमा १ घण्टा सम्म लाग्ने गर्दछ ।

नेपालको शैक्षिक इतिहासलाई हेर्दा वैदिककाल देखि शुरु भएको पाईन्छ । विभिन्न ऋषिमुनिहरूले आफ्ना शिष्यहरूलाई गुरूकूल र कुटीमा राखेर वैदिक विधि अनुसारको धार्मिक ग्रन्थहरूको अध्ययन,चरित्र निर्माण, घर व्यवहार सञ्चालन र वैदिक परम्परा अनुसार समाजलाई बुझ्ने र बुझाउने खालको शिक्षा प्रदान गरेको पाईन्छ । प्रधानमन्त्री श्री ३ जङ्ग बहादुर राणा वेलायत भ्रमणबाट फर्किए पछि वि.सं.१९१० मा आफ्ना भाइभारदारहरूको लागि मात्र प्रवेश पाउने गरी दरबार हाईस्कुलको स्थापना गरेर वेलायतबाटनै शिक्षकहरूको व्यवस्था सहित शिक्षा

प्रदान गरिने गरेको इतिहास छ । यसरी विभिन्न कालखण्डमा आफ्नो लोकप्रियताको लागि विभिन्न ठाउँमा केही सिमित विद्यालयहरू स्थापना गरिनेछ  र आफ्ना भाइभारदार, नाताकुटुम्वलाई शिक्षा प्रदान गर्दै आएको पाईन्छ । विशेषगरी २००७ साल पछि आम जनताले शिक्षापाउने गरी विभिन्न स्थानमा विद्यालयहरू स्थापना गरी शिक्षा प्रदान गर्दै आएको इतिहास पाईन्छ । यसरी कैलारी गाउँपालिकाका शैक्षिक इतिहासलाई हेर्दा निम्न अनुसारका व्यक्तित्वहरूको योग्दान रहेको पाइन्छ :

१. छिमानन्द महतो, कैलारी १ रानामूढा
२. शालीग्राम चौधरी, कैलारी २ कैलाली गाउँ
३. बालकृष्ण चौधरी, कैलारी २ लक्कड
४. चन्द्रबहादुर गुरुङ, कैलारी ३ लालपुर
५. आयूध्दि प्रसाद कठरिया, कैलारी ५ पबेरा
६. बलिचरण चौधरी, कैलारी ५ पलिया
७. अंग्रेजी महतो, कैलारी ५ पबेरा
८. हरिलाल चौधरी (बखरिया), कैलारी ३ भर्री
९. परशुराम चौधरी, कैलारी ५ पबेरा
१०. लक्ष्मी देवी महतो, कैलारी ८ पृथीपुर
११. माधुराम चौधरी, कैलारी ९ बनकनरी
१२. रामचरण चौधरी, कैलारी २ डोङपुर
१३. माधुराम राना, कैलारी ९ गदरिया
१४. शंकर राना, कैलारी ९ गदरिया

## ख) कैलारीको शैक्षिक विवरण र अवस्था :

### ❖ साक्षरता :

यस गाउँपालिकाको शैक्षिक अवस्था सम्बन्धी राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार हाल ६७ प्रतिशत (महिला ५८ प्रतिशत र पुरुष ७६ प्रतिशत ) जनता शिक्षित रहेको र ३३ प्रतिशत (महिला ४२ प्रतिशत र पुरुष २४ प्रतिशत ) जनता अशिक्षित रहेको पाइएको छ । जम्मा शिक्षित मध्ये आधारभूत शिक्षा हासिल गरिनेछ को संख्या सबैभन्दा बढि ८६ प्रतिशत रहेको देखिएको छ जसमा (महिला ८७ प्रतिशत र पुरुष ८६ प्रतिशत) रहेका छन, त्यसैगरी उच्च तह हाँसिल गरिनेछ को संख्या  सबैभन्दा कम १ प्रतिशत रहेको देखिन्छ जसमा (महिला०.२५

प्रतिशत र पुरुष १ प्रतिशत) रहेका छन् । मिति २०६८ को घरधुरी सर्वोक्षणले साविकको गाउँ विकास समितिहरुको शैक्षिक विवरणा यस प्रकार रहेको छ ।

| लिंग | जम्मा | शैक्षिकस्तर अनुसारको जनसंख्याको अवस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुकवाती | प्रा.वि. | नि.मा.वि. | मा.वि. | एस.एल.सि | प्रविणता प्रमाण पत्र तह | स्नातक तह | स्नातकोत्तर | अन्य | अनौपचारिक शिक्षा | तह नखुलेको | निरक्षर |
| महिला | २४४९६ | ७२८ | ५९१३ | ३५२५ | २०९२ | ७८८ | २७८ | २२ | ७ | ७ | ७५४ | २३ | १०३५९ |
| पुरुष | २३४९१ | ९०२ | ७१८८ | ४४६५ | २७४५ | ११३६ | ५०९ | ११३ | २३ | १४ | ६४७ | ४२ | ५७०७ |
| जम्मा | ४७९८७ | १६३० | १३१०१ | ३९९० | ४८३७ | १९२४ | ७८७ | १३५ | ३० | २१ | १४३१ | ६५ | १६०६६ |

❖ **शैक्षिक संस्थाहरू विद्यालयको तहगत विवरण :**

यस गाउँपालिकाभित्र हाल ७३ ओटा बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका छन्, जसमा सबै केन्द्रहरू विद्यालयमा आधारित छन् । त्यसैगरी, गाउँपालिकामा ३६ वटा सामुदायिक विद्यालयहरू छन्, जसमा २७ वटा आधारभूत र ९ वटा माध्यमिक विद्यालय रहेका छन् । साथै, १४ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा छन्, जसमा १० वटा आधारभूत र ४ वटा माध्यमिक विद्यालय रहेका छन् ।

| विद्यालयको प्रकार | तह | | |
|---|---|---|---|
| | **आधारभूत तह** | **माध्यमिक तह** | **जम्मा** |
| सामुदायिक | २७ | ९ | ३६ |
| संस्थागत | १० | ४ | १४ |
| **जम्मा** | ३७ | १३ | ५० |

❖ **वडागत हिसाबले विद्यालय र वालविकास केन्द्रको विवरण देहाय वमोजिम रहेको पाइन्छ ।**

यस गाउँपालिकाभित्र ७३ ओटा बालविकास केन्द्रहरू रहेका छन् । त्यसै गरी यस गाउँपालिकामा सामुदायिक विद्यालयहरूमा आधारभूत तह अन्तर्गत कक्षा १ देखि कक्षा ३ सम्म मात्र पढाइ हुने विद्यालयहरू ८ ओटा, १ देखि ५ सम्म मात्र पढाइ हुने विद्यालयको सङ्ख्या ९ वटा, १ देखि ८ सम्म मात्र सञ्चालित विद्यालय १० वटा, १ देखि १० कक्षा सम्म मात्र सञ्चालित ४ ओटा र कक्षा १ देखि १२ सम्म पढाइ हुने विद्यालयहरू ५ओटा रहेका छन् । यस गाउँपालिका भित्र जम्मा संस्थागत विद्यालयहरू १४ ओटा रहेका छन् । यसैगरी यस क्षेत्रमा उच्च शिक्षाका लागि स्नातक तह सम्म पढाइ हुने कुनै पनि क्याम्पस छैनन् ।

## वडागत रुपमा तहगत समामुदायिक विद्यालयको विवरण

| वडा | बालबिकास केन्द्र | विद्यालय संख्या | | | |
|---|---|---|---|---|---|
| | | आधारभुत तह | माध्यमिक तह | जम्मा | कैफियत |
| १ | ८ | ५ | १ | ६ | |
| २ | ८ | २ | १ | ३ | |
| ३ | ६ | ३ | ० | ३ | |
| ४ | ७ | २ | १ | ३ | |
| ५ | ९ | २ | १ | ३ | |
| ६ | ७ | ३ | २ | ५ | |
| ७ | १० | ४ | १ | ५ | |
| ८ | ८ | २ | १ | ३ | |
| ९ | १० | ४ | १ | ५ | |
| **जम्मा** | **७३** | **२७** | **९** | **३६** | |

## वडागत रुपमा तहगत संस्थागत विद्यालयको विवरण

| वडा | विद्यालय संख्या | | | |
|---|---|---|---|---|
| | आधारभुत तह | माध्यमिक तह | जम्मा | कैफियत |
| १ | ० | २ | २ | |
| २ | २ | ० | २ | |
| ३ | ० | ० | ० | |
| ४ | २ | ० | २ | |
| ५ | ० | २ | २ | |
| ६ | ० | ० | ० | |
| ७ | २ | ० | २ | |
| ८ | २ | ० | २ | |
| ९ | २ | ० | २ | |
| **जम्मा** | **१०** | **४** | **१४** | |